# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, असार २८ गते २०५० साल ( संख्या १३

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ अनुसार न्यायपरिषद्को सिफारिशमा सम्माननीय प्रधान न्यायाधीशबाट स्वीकृत भए बमोजिम पुनरावेदन अदालत पोखराका माननीय, न्यायाधीश श्री खिलराज रेग्मी-लाई राजस्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्षको काम समेत गर्ने गरी तोकेको छ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

संस्थान ऐन, २०२१ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार (मं. प.) को मिति २०५०।३।१७ को निर्णयानुसार जूट विकास तथा व्यापार संस्थानलाई मिति २०५०।४।१ देखि लागू हुने गरी विघटन गरिएको छ ।

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

959